बैठक संख्या ३ समयः दिउसो १ बजे बैठक मिति २०८३।०६।२२

आज मिति २०८३ साल असोज महिना २२ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

तपसिलः

प्रस्तावहरुः

१. नौगाड गाउँपालिका गरिबी निवारण कोष व्यवस्थापन सम्बन्धी कार्यविधिको दोस्रो संशोधन सम्बन्धमा।
२. शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३ सम्बन्धमा।
३. स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन ) सम्बन्धी कार्यविधिमा पहिलो संशोधन सम्बन्धमा।
४. आर्थिक सहायता सम्बन्धी कार्यविधिमा पहिलो सशोधन सम्बन्धमा।
५. अल्लो प्रशोधन केन्द्र सञ्चालन कार्यविधि २०८३ सम्बन्धमा।
६. स्काइभेटर सञ्चालन कार्यविधिमा संशोधन सम्बन्धमा।
७. नौगाड आधारभूत अस्पतालको प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०८३ सम्बन्धमा।
८. फिल्ड सहायक सम्बन्धमा।
९. सामुदायिक विद्यालयहरुको लेखा परीक्षण गर्न अडिटर नियुक्त सम्बन्धमा।
१०. सर्भेक्षक करार सेवामा लिने सम्बन्धमा।
११. ट्रान्सफर्मर मर्मत, ढुवानी र जडान खर्चको भुक्तानी गर्ने सम्बन्धमा।
१२. अध्ययन विदाको लागि पूर्व स्वीकृति सम्बन्धमा।
१३. गरिवी निवारण घुम्तीकोष पहिचान गर्न सहयोग गर्ने पदाधिकारीहरुलाई प्रोत्साहन भत्ता दिने सम्बन्धमा।
१४. सडक मर्मत सम्बन्धी अन्तरपालिका समन्वय बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा।
१५. वीमा नविकरणको अपुग रकम सम्वन्धमा।
१६. भैपरी चालुको रकम खर्च सम्बन्धमा।
१७. नौगाड आधारभूत अस्पतालको औषधी व्यवस्थापन सम्बन्धमा।
१८. आयोजनाको नाम संशोधन गर्ने सम्बन्धमा।
१९. राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रमको बजेट स्वीकृत सम्बनधमा।
२०. जिल्ला बाल सञ्जाललाई सहयोग गर्ने सम्बन्धमा।
२१. धन्यवाद तथा शुभकामना सम्बन्धमा।
२२. बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
२३. विविध

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १ नौगाड गाउँपालिका गरिबी निवारण कोष व्यवस्थापन सम्बन्धी कार्यविधिको दोस्रो संशोधन पारित गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ नौगाड गाउँपालिकाको शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ३ स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन )सम्बन्धी कार्यविधिमा पहिलो संशोधन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ४ आर्थिक सहायता सम्बन्धी कार्यविधिमा पहिलो सशोधन गर्ने निर्णय पारित गरियो।

निर्णय नं ५ अल्लो प्रशोधन केन्द्र सञ्चालन कार्यविधि २०८३ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ६ स्काइभेटर सञ्चालन कार्यविधिमा पहिलो संशोधन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ७ नौगाड आधारभूत अस्पतालको प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०८३ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं ८ राष्ट्रिय परिचय तथा पञ्जिकरण विभागको च न ४ मिति २०८३।०४।०५ गतेको पत्रानुसार नौगाड गाउँपालिकाको भूगोल अत्यन्त दुर्गम रहेको र अधिकाश बस्तिहरुमा सडक पहुँच नपुगेकोले र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने असक्त लाभग्राहीहरुको घरघरमै गएर बायोमेट्रिक विधि मार्फत नबिकरण गर्न साविकमा कार्यरत दुइजना फिल्ड सहायकहरुलाई नै निरन्तरता दिने र मिति २०८३ साल कार्तिक १ गते देखि लागु हुने गरी सहायक चौथो तहले पाउने सुरु तलव स्केल दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ९ गत आर्थिक वर्ष २०८३।८४को लागि सामुदायिक विद्यालयहरुको लेखा परीक्षण गर्न खडायत एण्ड एसोसिएटलाई अडिटरको रुपमा नियुक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं १० यस गाउँपालिकाबाट भूमि प्रशासन सेवा सुचारु गर्न कार्यपालिकाले निर्णय गरे बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरी १ जना सर्वेक्षक पदमा खुला विज्ञापन गरी करार सेवामा पदपूर्ति गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ११ यस गाउँपालिकाको वडा न १ र ३ मा रहेका लघु जलविद्युत आयोजनाहरुका ट्रान्सफर्मर मर्मत गर्न लागेको, उक्त ट्रान्सफर्मर ढुवानी गरेको र लाईन मर्मत गरे बापतको रु २ लाख ३० हजार गाउँ प्रहरी कर्मचारी व्यवस्थापन शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं १२ यस गाउँपालिकाको वडा न ६ मा रहेको धुलिगडा स्वास्थ्य चौकीमा अनमी चौथो तहमा कार्यरत कर्मचारी श्री राजमती ठगुन्ना (क.स.नं. २५८०४८ ) लाई सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनको दफा ७० र सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावलीको नियम ११५ बमोजिम BNS कोर्ष अध्ययनको लागि पूर्व स्वीकृतिको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं १३ गरिवी निवारण घुम्तीकोष पहिचान, नविकरण र व्यवस्थापनमा सहयोग गर्ने सरकारी संस्थाका पदाधिकारीहरुलाई प्रति वैठक रु १००० का दरले प्रोत्साहन भत्ता गाउँ प्रहरी कर्मचारी व्यवस्थापन शीर्षकबाट उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं १४ नौगाड गाउँ पालिका र महाकाली नगरपालिका विच २०८३।०६।२१ गते बसेको अन्तरपालिका समन्वय बैठकको निर्णय अनुसार खार दल्लेख खलगा सडक खण्ड मर्मत तथा सफाइको लागि गाउँ प्रहरी कर्मचारी व्यवस्थापन शीर्षकबाट रु २ लाख ५० हजार महाकाली नगरपालिकाले सिफारिस गरे बमोजिम उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं १५ यस गाउँपालिकामा रहेका सवारी साधनहरुको वीमा नविकरण गर्दा अपुग भएको रु ७० हजार गाउँ प्रहरी कर्मचारी व्यवस्थापन शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं १६ भैपरी चालुबाट तपसिल अनुसारका खर्च शीर्षकहरुमा रकमान्तर गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क स | खर्च शीर्षक | साविकको शीर्षक | हाल कायम | रकम |
|---|---|---|---|---|
| १ | | भैपरी चालु वडा न ३ | वडा कार्यालय वाइरिङ तथा विद्युत मर्मत | ७५,००० |
| | | | वर्षातका समयमा बिग्रिएको बाटो मर्मत | ४०,००० |
| | | | रेलिङ बाटो मर्मत | ३०,००० |
| २ | | भैपरी चालु वडा न ४ | काठेपुल निर्माण कपडे खार खोला | १२००० |
| | | | गैरा डाडाँवाग आवि पर्खाल निर्माण | १०००० |
| | | | गैरा दलित बस्तिमा बाटो निर्माण | ८००० |
| | | | दुहुँ गापा जाने भलिवल खेलाडिहरुलाई सहयोग | २५००० |
| | | | होपरी भलिवल खेलको लागि | १५००० |
| | | | कमल सिह धामीको घरआगन मर्मत | २४००० |
| | | | गोवा ठगुन्नाको घर आगन मर्मत | ७००० |
| ३ | | विपद व्यवस्थापन तथा आर्थिक सहयोग वडा न ५ | कम्मान सिह धामीको घर भत्केको | १५००० |
| | | | लाल सिह ठगुन्नाको चटयाङ परेको | ८००० |
| | | | नन्दन ठगुन्ना चटयाङ परेको | ५००० |

निर्णय नं १७ नौगाड आधारभूत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी कर्मचारीरहरूको तलब चाडपर्व पोषाक भत्ता तथा अन्य सेवा सुविधा लगायत शीर्षकबाट आधारभूत अस्पतालको औषधी खरिद तथा ढुवानीमा रु १० लाख रकमान्तर गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं १८ ओराड खोला RCC पूल निर्माण आयोजनाको नाम संशोधन गरी ओडार खोला RCC पुल तथा गोरेटो बाटो निर्माण आयोजना राख्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं १९ चालु आव २०८३।८४ को लागि राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रमको बजेट खर्च तपसिल बमोजिम बिनियोजन गर्ने निर्णय पारित गरियो।

तपसिलः

| क्र.सं. | कार्यक्रम | बजेट | सहभागी संख्या |
|---|---|---|---|
| १ | बारिष्टा तालिम (३९० घण्टा) | ५७५००० | २० |
| २ | बेल्डर३९० ) वेकरी/हाउस वाईरिङ/मोबाईल मर्मत/वेटर/(घण्टा | ५७५००० | २० |
| ३ | अल्लो प्रशोधन केन्द्र संचालन तथा मर्मत सम्भार | ५५०००० | |
| ४ | विनायक पार्क निर्माण नौगाड ४ सिप्टी- | ४५०००० | |
| ५ | प्रशासकीय भवनको प्राङ्गण निर्माण तथा मर्मत | १४४००० | |
| | | २२९४००० | |

निर्णय नं २०    जिल्ला वाल सञ्जालको आयोजनामा सञ्चालन भएको पुरुष तथा महिला भलिवल प्रतियोगितामा नौगाड गाउँपालिकाको टिमलाई दिइएको आर्थिक सहयोग अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं २१    मिति २०७८ साल चैत्र ६ गते देखि यस नौगाड गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत श्री पुष्कर सिह धामीको श्री भूमि व्यवस्था सहकारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३।०५।२५ गतेको निर्णयानुसार गृह मन्त्रालय वा अन्तर्गत सरुवा भएकाले यस गाउँपालिकाको सुशासन विकास र सार्वजनिक सेवा प्रवाहमा पुर्याउनु भएको योगदानको उच्च मूल्याकन गर्दै निजलाई हार्दिक धन्यवाद सहित पेशागत जीवनको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं २२  गाउँपालिका स्तरीय खाद्य तथा पोषण निर्देशक समितिबाट सिफारिस भइ आएको चालु आव २०८३।८४ को तपसिल अनुसारको वार्षिक कार्यक्रम स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

नौगाड गाउँपालिका
होपरीगाड, दार्चुला सुदूरपश्चिम नेपाल
बहुक्षेत्रीय पोषण कार्यक्रम, वार्षिक क्रियाकलाप योजना
आ.व. २०८३/०८४

| स्थानीय सरकारको बजेट: २७९००० | नेपाल सरकार (इ.यु. बजेट) | 3000000 | जम्मा बजेट: ३२७९००० |
|---|---|---|---|

| क्रम.संख्या | विषयगत क्षेत्र | क्रियाकलापको नाम | लक्षित वर्ग | क्रियाकलाप संख्या | पटक | क्रियाकलाप बजेट | जम्मा बजेट रु. (हजारमा) | स्थानीय सरकार | नेपाल सरकार (इ.यु.) | कार्यान्वयन हुने ठाउँ | कार्यान्वयन हुने वडा | लाभान्वित व्यक्ति १,सु.ह.दिन का महिला २, बालबालिका ३, किशोर किशोरी ४, अन्य | लाभान्वित समुह १, दलित २, जनजाति ३, अल्पसख्यक ४, अन्य | लाभान्वित हुने संभावित संख्या | कार्यान्वयन गर्ने महिना (१, श्रावण २, भाद्र...... ...... ११, जेठ १२, आषाढ ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य | विश्व स्तनपान सप्ताह तथा अन्य पोषण सँग सम्बन्धित दिवशहरु मनाउने | किशोरीहरु , प्रजनन उमेर र गर्भवती महिलाहरु | १ | ६ | १०००० | ६०००० | ० | ६०००० | ६ वटा वडाहरु | ६ वटै वडाहरु | सबै | सबै | १५० | असोज |
| २ | | सासु बुहारी स्वास्थ्य तथा पोषण सम्बन्धि अन्तरक्रिया गोष्ठी | सुनौला हजार दिनका महिला र बच्चा हेरचाह गर्ने सदस्य | १ | ६ | २५००० | १५०००० | ० | १५०००० | ६ वटा वडाहरु | ६ वटै वडाहरु | सबै | सबै | १२० | मङ्सिर |
| ३ | पशुपन्छी | पोषण अभिवृद्धिका लागि पशुजन्य खाना प्रदर्शनी | आमा समुहहरु | १ | ६ | २०००० | १२०००० | ० | १२०००० | ६ वटा वडाहरु | ६ वटै वडाहरु | सबै | सबै | १५० | पुष-माघ |
| ४ | कृषि विकास क्षेत्र | गर्भवती महिलाहरुला ईकरेशाबारीको लागि तरकारी बिउ वितरण | आमा समुहहरु | १ | ६ | २५००० | १५०००० | ० | १५०००० | ६ वटा वडाहरु | ६ वटै वडाहरु | सबै | सबै | १८० | माघ-फागुन |
| | | कृषी व्यवसाय पशुपालन प्रवर्द्धन कार्यक्रम | आमा समुदायहरु | १ | १ | १००००० | ४००००० | ० | ४००००० | ४ वडा | ४ वडाहरु | सबै | सबै | १०० | चैत्र |
| ५ | | खाद्य विविधता,स्थानीय तथा रैथाने बालि प्रर्वद्धन, रैथाने बालिका खाना परिकार र असल खानपान सम्बन्धी अभिमुखिकरण | आमा समुह तथा अन्य महिलाहरु | १ | ६ | २५००० | १५०००० | ० | १५०००० | ६ वटा वडाहरु | ६ वटै वडाहरु | सबै | सबै | ५०० | जेष्ठ |
| ६ | महिला तथा बालबालिका | विपन्न तथा गरिब सुनौला हजार दिनका, महिलाहरुका लागि पोषण सम्बन्धि आयआर्जन अनुदान कार्यक्रम | सुनौला हजार दिनका विपन्न समुदायका महिलाहरु | १ | १ | ६२५००० | ६२५००० | ० | ६२५००० | १ वटा समुहमा | ५ नं. वडा | १ | सबै | २५ | चैत्र |
| ७ | | विपन्न तथा गरिब, सुनौला हजार दिनका महिलाहरुका लागि आयआर्जन क्रियाकलाप सम्बन्धि तालिम | आयआर्जन कार्यक्रमका लागि छनौट भएका सुनौला हजार दिनका विपन्न समुदायका महिलाहरु | २ | २ | १००००० | १००००० | ० | १००००० | १ वटा समुहमा | ५ नं. वडा | सबै | सबै | २५ | चैत्र |
| ८ | | बालबिबाह न्युनिकरण,छाउपडी प्रथा,सुत्केरी अवस्थामा सामाजिक संस्कारले वर्जित गरेका पोषणयुक्त खाद्य सामाग्री सम्बन्धी गलत धारणा सम्बन्धी सचेतना तथा अभिमुखिकरण कार्यक्रम | आमा समुहका महिलाहरु | १ | ६ | २०००० | १२०००० | ० | १२०००० | ६ वटा समुहरु | ६ वटै वडाहरु | सबै | सबै | १८० | माघ-फागुन-चैत्र |
| ९ | शिक्षा | विद्यालयहरुमा स्थानीय पोषणयुक्त खाना प्रदर्शनी कार्यक्रम | विद्यालयहरुमा | ३ | १ | २५००० | ७५००० | ० | ० | ६ वटा वडाहरु | वडा १ ,२ | ३ | सबै | २०० | फाल्गुन |
| १० | | विद्यालयमा किशोरकिशोरी मार्फत पोषण अभियान सञ्चालन | किशोर किशोरीहरु | १ | ६ | २०००० | १२०००० | ० | १२०००० | विद्यालयमा | ६ वटै वडाहरु | ३ | सबै | १२० | फाल्गुन-चैत्र |
| | महिला तथा बालबालिका | लैङ्गिक हिंसा बालबिवहा छाउपडी लगायतका हानिकारक सामाजिक अभ्यास रोकथाम तथा जनचेतनामुलक कार्यक्रम | लक्षित वर्गका महिला | १ | २ | ३०००० | ६०००० | | ६०००० | समुदायमा | २ वटा वडाहरुमा | सबै | सबै | ६० | जेष्ठ |
| | | नमूना गाउँ प्रवर्द्धन कार्यक्रम | | १ | १ | ३००००० | ३००००० | ० | ३००००० | नमुना गाउँ | वडा ३ | सबै | सबै | ५० | जेष्ठ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | शासकीय प्रबन्ध | गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक संचालन | निर्देशक समिति | १ | २ | ५०००० | १००००० | ० | १००००० | गाउँपालिकामा | पालिका | | | ६० | असोज-जेस्ठ |
| १२ | | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समितिको बैठक संचालन | सहजीकरण तथा कार्यान्वयन समितिको बैठक | २ | १२ | १४४००० | १४४००० | ० | १४४००० | ६ वटा वडाहरुमा | ६ वटा वडाहरु | | | ७२ | कार्तिक-मङ्सिर-चैत्र-बैशाख-ज्यष्ठ |
| १३ | | पोषण सहजकर्ता पारिश्रमिक/लुगा भत्तार/सञ्चार | पोषण सहजकर्ता | १ | १३ | ३६१९२ | ५८०००० | २७९००० | ३०१००० | गाउँपालिकामा | | | | १ | श्रावन-असार |
| १४ | | कार्यक्रम सञ्चालन तथा यातायात भ्रमण खर्च | पोषण सहजकर्ता | आवश्यकता अनुसार | २० | ५००० | १००००० | ० | १००००० | ६ वटा वडाहरुमा | ६ वटा वडाहरु | | | | पुष--असार |
| जम्मा कार्यक्रम | | | | | | | ३२७९००० | २७९००० | ३०००००० | | | | | १९९३ | |